# ऐतिहासिक स्वर्गद्वारी आश्रममा वैदिक शिक्षा व्यवस्थापन

*विष्णुप्रसाद खनाल*
*त्रि.वि., इतिहास केन्द्रीय विभाग, कीर्तिपुर*
*Bishnukhanal333@yahoo.com*

***लेखसार***

*प्रस्तुत लेख नेपालको ऐतिहासिक स्वर्गद्वारी आश्रममा वैदिक शिक्षा व्यवस्थापनको अध्ययनमा केन्द्रित छ । प्युठान जिल्लाको धार्मिक, ऐतिहासिक, पर्यटकीय भूमि स्वर्गद्वारी आश्रमस्थित वैदिक पाठशालामा सञ्चालित पूर्वीय दर्शनमा आधारित वेद, वेदाङ्ग, कर्मकाण्डसँग सम्बन्धित शिक्षामा आश्रमको योगदान, वैदिक शिक्षा व्यवस्थापनमा देखिएका चुनौतीहरू, सकारात्मक र नकारात्मक पक्षको खोजी, समस्याको पहिचान र समाधानका उपायहरू तथा शिक्षा र मानवजीवनको विभिन्न पक्षसँगको सम्बन्धको खोजी गरिएको छ । स्थलगत अध्ययन, अन्तरवार्ता, मौखिक संवाद, पूर्वकार्यको अध्ययनका आधारमा तथ्य तथ्याङ्क सङ्कलन र सोको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । आश्रमको अवस्था, सांगठनिक स्वरूप, आयव्यय, पाठ्यक्रम कार्यान्वयन, शिक्षक कर्मचारीसम्बन्धी व्यवस्था, शिक्षण विधि र मूल्याङ्कन प्रविधिसमेतको सूक्ष्म अध्ययन गरी समस्याको पहिचान र समाधानका उपायहरू खोजी गरिएको छ । आश्रमको अखण्ड वैदिक यज्ञका लागि आवश्यक जनशक्ति उत्पादन र वैदिक शिक्षण परम्परालाई बचाई राख्ने उद्देश्यले वि.स. १९५२ मा स्थापित वैदिक पाठशालाबाट उपयुक्त जनशक्ति उत्पादनको लक्ष्य राखिए पनि व्यवस्थापकीय पक्षको समस्याका कारण उक्त लक्ष्य पूरा भएको देखिँदैन । स्थलगत अध्ययनबाट प्राप्त तथ्य तथ्याङ्कको विश्लेषण गर्दा न्यून विद्यार्थी संख्या र आवश्यक शिक्षक संख्याको अभाव भै उपयुक्त जनशक्तिको कमी हुनुमा आर्थिक कारण प्रमुख समस्या रहेको देखिएको छ । चढाएको भेटी र गुठीबाट प्राप्त आम्दानीले मात्र विद्यालय शिक्षा व्यवस्थापन गर्नु भनेको चुनौतीको विषय हो । वैदिक शिक्षाबाट पूर्वीय दर्शनको खोज अनुसन्धानको केन्द्र तथा धार्मिक आस्थाको धरोहरसमेतका कारण उपयुक्त व्यवस्थापनका लागि नेपाल सरकार तथा विभिन्न दातृ निकायबाट आवश्यक आर्थिक सहयोग प्राप्त हुन सकेमा स्वर्गद्वारी पूर्वीय दर्शन*

*अध्ययनको शैक्षिक तथा अनुसन्धान केन्द्र बन्ने र विश्वको हिन्दु धर्मावलम्बीका लागि तीर्थस्थल बन्न सक्छ भन्ने यस अध्ययनको ठम्याइ रहेको छ ।*

**शब्दकुञ्जी** : आश्रम, उपनयन, ब्रह्मचर्य, वैदिक शिक्षा, विप्रबटुक

## पृष्ठभूमि

नेपालीहरू परापूर्वकालदेखि पूर्वीय दर्शनमा आधारित हिन्दु धार्मिक क्रियाकलापबाट निर्देशित छन् । नेपाली समाजमा प्राचीन कालदेखि संस्कृत भाषाको राम्रो प्रभाव थियो । नेपाली जीवनका प्रत्येक संस्कार वैदिक दर्शनमा आधारित छन् । वैदिक मान्यता संसारको सबै भन्दा प्राचीन दर्शन हो र वेद विज्ञानको पनि विज्ञान हो । प्राचीन समयदेखि विभिन्न धार्मिक क्षेत्रहरूमा वेदपाठ गर्ने, अध्ययन गर्ने र वैदिक परम्परालाई निरन्तरता दिन आवश्यक ब्राह्मणहरू तयार हुँदै आएका छन् । स्वर्गद्वारीमा पनि अखण्ड महायज्ञ सँगै यज्ञका लागि चाहिने ब्राह्मणहरू तयार गर्न वैदिक भाषा पाठशाला खोली पुजारीद्वारा वैदिक कर्मकाण्डका कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वैदिक शिक्षाको उद्देश्य व्यक्तिको सर्वाङ्गीण विकास, समाजको उन्नति र सभ्यताको विकास गराउनुमा केन्द्रित देखिन्छ ।  यो प्राचीनकालीन शिक्षा पनि हो । सनातन धर्मको संरक्षणका लागि यज्ञ, यज्ञादि हवन, तप, नीतिशास्त्र, व्याकरणलगायत कर्मकाण्ड विषयक शिक्षा प्रदान गरिँदै आएको छ । त्यसबेला शिक्षाको उद्देश्य लोककल्याण र धर्मसंरक्षण रहेको पाइन्छ । त्यसैले एकातिर राजखलकमा गुरु झिकाई आवश्यकताअनुसारका युद्धकला, राजपाठलगायत धनुवाणसम्बन्धी शिक्षा दिइन्थ्यो भने अर्कातर्फ धार्मिक विषयमा प्रवचन शास्त्रार्थलगायत अन्य धार्मिक शिक्षा प्रदान गर्ने परम्परा पनि रहेको पाइन्थ्यो ।

वेद ऋषिमहर्षिद्वारा दृष्ट वा प्रतिपादित मन्त्रहरूको सङ्ग्रह हो । यसबाट तत्त्व ज्ञान प्राप्त गर्न सकिन्छ । 'ऋषयो: मन्त्र द्रष्टार': ऋषिहरू नै मन्त्रद्रष्टा थिए । 'धर्म जिज्ञास्यमाताना प्रमाण परम श्रुति': जसको अर्थ हुन्छ धर्मका बारेमा जान्न चाहनेहरूका लागि पनि वेद मूल प्रमाण हो । ऋग्वेद, ययुर्वेद, सामवेद र अथर्ववेद गरी वेद चार प्रकार छन् । धर्म, संस्कृति, दर्शन, साहित्य आदि सम्पूर्ण ज्ञानको स्रोत वेद हो । त्यसैले सर्वज्ञानमयो वेद' : भनिएको हो (घिमिरे, २०६९) ।

ऋषिमुनिहरू, महापुरुषहरू, विद्वान्हरू र दार्शनिकहरूका विचारमा व्यक्तिको सर्वाङ्गीण विकास गराउनु, समाजको चौतर्फी विकासमा जोड दिनु र सभ्यताको बहुमुखी प्रगति गराउनु वैदिक शिक्षाको प्रमुख लक्ष्य मानिन्छ । यस्तो महत्त्वपूर्ण शिक्षा प्युठानको

स्वर्गद्वारी आश्रमले प्रदान गर्दै आएको छ । यो लेख उक्त विषयमा केन्द्रित छ । विगतको अवस्था नै वर्तमानको इतिहास हुने र विगतको अध्ययन नै ऐतिहासिक अध्ययन हुने हुँदा यस लेखमा उल्लेखित विषयको अध्ययन केही पुरानो देखिन गएको छ । यद्यपि पछिल्लो अवस्थाका बारेमा थप अध्ययन एवम् खोज सहित आगामी दिनमा लेख प्रकाशित गरिने छ ।

## ऐतिहासिक पृष्ठभूमि

वि.स १९५२ सालमा बालतपस्वी स्वर्गद्वारी महाप्रभु स्वामी श्री हंसानन्द गिरीद्वारा (धार्मिक तथा ऐतिहासिक महत्त्व राख्ने स्वर्गद्वारीमा विधिवत् वैदिक अखण्ड महायज्ञको थालनी गरियो । समस्त मानव कल्याण, लोककल्याण र विश्व शान्ति तथा सनातन हिन्दु संस्कृति र परम्परामा आधारित सामाजिक मूल्यमान्यताको संरक्षण र संवर्द्धनका लागि चालिएको यो भूमिका महत्त्वपूर्ण छ । यस पुण्यभूमिमा वैदिक विधिविधानअनुसार आश्रममा विभिन्न धार्मिक क्रियाकलापहरू सञ्चालन र त्यसको निरन्तरताका लागि आवश्यक पर्ने पुजारी सन्त महन्तलगायत अन्य दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले बालतपस्वी महाप्रभुबाट आश्रमको शुभारम्भसँगै विस १९५२ मा वैदिक शिक्षा सञ्चालनका लागि बालतपस्वी वेद विद्यालयको स्थापना गरिएको थियो ।

आश्रममा सञ्चालित पाठशालामा संस्कृत भाषाका अतिरिक्त वैदिक धर्मदर्शन र साहित्यसम्बन्धी शिक्षा सञ्चालन हुँदै आएको देखिन्छ । यस पाठशालामा वेद, व्याकरण, साहित्य, इतिहास, पुराण आदि वैदिक ग्रन्थहरूको अध्ययन अध्यापन हुने गर्छ । स्वर्गद्वारी महाप्रभुले वैदिक सनातन धर्मको संरक्षक र संबर्द्धनका साथै वैदिक वाङ्मय अध्ययन परम्पराको संरक्षणका लागि पाठशाला स्थापना गरेको पाइन्छ (अर्याल, २०६९) ।

स्वर्गद्वारी पाठशालामा हाल ८० जना बटुकहरूले अध्ययन गर्दै आएका छन् । यसै संस्थाबाट उत्पादित कर्मनिष्ठ वैदिक ब्राह्मण स्वर्गद्वारी अखण्ड महायज्ञमा वरण हुन योग्य मानिन्छन् । ब्राह्ममुहूर्तदेखि बेलुका १०.०० बजेसम्म यस पाठशालामा यथाविधि अध्ययन अध्यापन हुने गरेको छ । यस आश्रममा वैदिक गुरुकुलीन शिक्षाले राम्रो अवसर प्राप्त गरेको छ । तत्कालीन अवस्थामा विभिन्न महात्माहरू वेदान्त ग्रन्थको चिन्तन मनन गर्दथे । विप्र बटुकहरू वेद, व्याकरण र पुराणको अध्ययन गर्दथे । त्यतिबेलाका कतिपय हस्तलिखित पुराणहरू आश्रममा अझैसम्म सुरक्षित छन् (अर्याल,२०६९) । आश्रममा वैदिक शिक्षा अन्तरगत भविष्यमा महाविद्यालय सञ्चालनका लागि अथाह

सम्भावना रहेको र त्यसको आवश्यक प्रक्रियातिर आश्रमको ध्यान जानुपर्ने अर्यालको सुझाव रहेको छ ।

वैदिक शिक्षाका अतिरिक्त हाल औपचारिक शिक्षाअन्तर्गत प्राथमिक शिक्षाका लागि स्वीकृत पाठ्यक्रम विषय शिक्षणको व्यवस्थाका निमित्त तत्कालीन जिल्ला शिक्षा कार्यालय प्युठानबाट प्रा.वि तहमा दुईवटा राहत शिक्षक दरबन्दी प्रदान गरी नियमित सहयोग पुऱ्याउँदै आएको पाइन्छ ।

## समस्या कथन

यस अध्ययनमा विषयगत र कार्यगत गरी दुई प्रकारका समस्या रहेका छन् ।

स्वर्गद्वारी आश्रममा स्थापना कालदेखि हालसम्म सञ्चालन गरिएको वैदिक पाठशालामा आश्रमका लागि निरन्तर आवश्यक पर्ने होम, यज्ञ तथा कर्मकाण्ड चलाउन सक्ने जनशक्ति तयार गर्ने यहाँको वैदिक शिक्षा पद्धति रहेको छ ।

धार्मिक क्रियाकलाप, कर्मकाण्ड, नीतिशास्त्रलगायतका विषय अध्ययनबाट व्यक्तिलाई नित्य अनुशासन र सत्कर्मतर्फ उन्मुख गराउने कुरा प्राय: निश्चित छ । वैदिक शिक्षा व्यवस्थापनबाट व्यक्ति र समाजको भविष्यसँगको सान्दर्भिकता, उपयोगिता कस्तो रहने, वैदिक शिक्षा व्यवस्थापनमा भोग्नुपरेका समस्या एवं चुनौतीहरू केके हुन सक्छन्, मानवजीवनमा त्यसको महत्त्व र औचित्य कस्तो हुन्छ जस्ता महत्त्वपूर्ण सवालहरू र तिनको समाधान खोज्न गरिने सामग्रीको सङ्कलन विषयगत समस्या हुन् भने प्राप्त सामग्रीको अध्ययन र तिनको प्रस्तुति तयार पारी प्रतिवेदन तयार पार्नु यस अध्ययनका कार्यगत समस्या हुन् । यी समस्याहरूको हल गर्ने अपेक्षा यस लेखमा गरिएको छ ।

## अध्ययनको औचित्य

ऐतिहासिक स्वर्गद्वारी आश्रममा वैदिक शिक्षा व्यवस्थापनको औचित्यलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- स्वर्गद्वारी आश्रममा सञ्चालित वैदिक शिक्षा व्यवस्थापनको यथार्थ अवस्थाको जानकारी गराउन,
- शिक्षा योजनाकार नीतिनिर्मातालाई यस धार्मिक क्षेत्रको शैक्षिक अवस्थाको थप जानकारी दिन,

- प्राचीन शिक्षा पद्धतिको नमुनाका रूपमा रहेको वैदिक शिक्षाको महत्त्व दर्साउन,
- वैदिक शिक्षा सञ्चालनमा भोग्नुपरेका विभिन्न समस्याहरूको पहिचान गर्न र
- वैदिक शिक्षा व्यवस्थापनका लागि उत्तम उपायहरू खोजी गरी आश्रम र वैदिक शिक्षा व्यवस्थापनमा थप सहयोग पुऱ्याउन ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् ।

### साधारण उद्देश्य

ऐतिहासिक स्वर्गद्वारी आश्रममा भएको वैदिक शिक्षा व्यवस्थापनमा देखिएका सकरात्मक तथा नकरात्मक पक्षहरूको उद्घाटन गर्दै उक्त आश्रमले पुऱ्याएको योगदानबारे प्रकाश पार्नु ।

### विशिष्ट उद्देश्यहरू

- स्वर्गद्वारी आश्रममा वैदिक शिक्षा व्यवस्थापनसम्बन्धी अवस्थाको खोजी गर्नु ।
- वैदिक शिक्षा र मानवजीवनका विभिन्न पक्षसँगको सम्बन्धको खोजी गर्नु ।
- आश्रम र वैदिक शिक्षासम्बन्धी शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरूको पहिचान गर्नु ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा मूलत: वर्णात्मक र गुणात्मक विधिलाई अवलम्बन गरिएको छ । साथै तथ्य सङ्कलन र स्रोत सामग्री विश्लेषण गर्दा विभिन्न उपकरणको प्रयोग भएको छ :

- प्रत्येक विषयलाई समस्या र उद्देश्यसँग मिलाएर हेर्ने प्रयास गरिएको छ ।
- द्वितीयक स्रोतलाई प्राप्त प्राथमिक वा मूल स्रोतसँग तुलना गरी विश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

वैदिक शिक्षा व्यवस्थापनमा स्वर्गद्वारी आश्रमको वास्तविक अवस्था अध्ययन गर्नका लागि प्राप्त विभिन्न तथ्याङ्कहरूलाई विभिन्न शीर्षकहरूमा विभाजन गरी व्याख्या एवं विश्लेषण

गरिएको छ । यस अध्ययन अनुसन्धानका क्रममा प्राप्त सम्पूर्ण सूचनाहरूलाई समावेश गरी वास्तविक र विश्वसनीय बनाउन खोजिएको छ ।

## स्वर्गद्वारीको ऐतिहासिक परिचय

लुम्बिनी प्रदेशको प्युठान जिल्लामा रहेको स्वर्गद्वारी नेपालकै प्रसिद्ध पुण्यभूमि हो । वि.स. १९५२ मा हंसानन्द गिरीद्वारा आश्रमको स्थापना गरे पश्चात् उक्त आश्रममै वैदिक शिक्षा प्रदान गर्न थालियो । कर्मकाण्ड, वेद, वेदाङ्गको पठनपाठन भएपछि उक्त आश्रमको झनै महत्त्व बढ्न थाल्यो ।

भौगोलिक पृष्ठभूमिलाई अध्ययन गर्दा नेपालको लुम्बिनी प्रदेशमा पर्ने पहाडी जिल्ला प्युठानको खालमा अवस्थित छ । प्युठानका चार सिमानामध्ये पूर्वमा अर्घाखाँची र गुल्मी उत्तरमा बाग्लुङ र रोल्पा पश्चिम तथा दक्षिणमा दाङ र रोल्पा पर्दछन् । समुद्री सतहबाट करिब ८००० फिट उचाइँमा रहेको पवित्रभूमि स्वर्गद्वारी खाल गाविसको पूर्वमा भिंग्री बजार र माण्डवी नदी पर्दछन् । वनजंगल क्षेत्रको बिच रमणीय शिखर समथर टापुमा अवस्थित स्वर्गद्वारी आश्रमको नाममा २५८८९ रोपनी वनक्षेत्र नापी शाखा प्युठानको अभिलेखबाट  देखिन्छ (विभूति, २०७० पृ.११३) आश्रम उच्च भौगोलिक क्षेत्रमा रहेको छ ।

ऐतिहासिक परिवेश अध्ययन गर्दा २०१९ साल पूर्व स्वर्गद्वारी अञ्चल भनिन्थ्यो । स्वर्गद्वारीको दिव्यभूमिमा पौराणिक कालमा देवीदेवताहरूले प्राचीन समयमा स्वर्गद्वारी यज्ञभूमिको रूपमा विख्यात थियो भन्ने कुरा प्रस्ट हुन आउँछ । वेदव्यासजस्ता त्रिकालदर्शी महार्षिहरूले यही स्थानमा ठुलाठुला यज्ञ गरेका थिए । यसै स्थानमा श्री स्वर्गद्वारी महाप्रभुले अखण्डयज्ञको प्रारम्भ गरी ऐतिहासिक महत्त्वलाई निरन्तरता दिएका थिए, (मजगैया, २०४५) । त्यस्तै महाभारतका प्रसिद्व पात्रहरू पञ्चपाण्डवले यही तपस्या गरी स्वर्ग पुगेको जनश्रुति पनि अद्यावधिक छ । स्वर्गद्वारी आश्रम स्थापना गनुपूर्व यो स्थान सामान्य गौचरन र गोठालाहरूको वस्ती मात्र थियो । पछि बालतपश्वी महाप्रभुले यस ठाँउको आध्यात्मिक एवं धार्मिक महत्त्ववोध गरी गोठालाहरूलाई गोठ अन्यत्र सार्न लगाई वि.स १९५२ साल वैशाख पूर्णिमाका दिन विद्वान् ब्राह्मणहरूको उपस्थितिमा भूसंस्कारसहित समिधा स्थापना गरी वैदिक मन्त्रोचारण गर्दै आचार्य टीकाराम गौतमले अग्नि प्रज्वलित गरी अखण्ड महायज्ञको शुभारम्भ गरेको इतिहास छ । यस समयमा

जयजयकारको ध्वनिले स्वर्गद्वारी भूक्षेत्र गुन्जयामान भएको पुष्टि हुन्छ । (ध्रुव श्री : २०६९ : पृ. ३९) ।

धार्मिक एवं सामाजिक पृष्ठभूमिलाई अध्ययन गर्दा स्वर्गद्वारी आश्रमको मुख्य उद्देश्य मानव कल्याणकारी कार्य र विश्वशान्ति कायम गर्नु रहेको छ । मानवीय जीवनमा वैदिक एवं धार्मिक संस्कारको ठुलो भूमिका छ । बर्सेनि लाखौँ दर्शनार्थी देश विदेशबाट स्वर्गद्वारीको दर्शन र आफ्नो इच्छासिद्धिका लागि आउने गर्दछन् । यसबाट धार्मिक, सहिष्णुता र आत्मीयताको विकास भएको देखिन्छ । यस ठाउँका गतिविधिले भक्तजन तथा पर्यटकहरूमा आश्रमप्रति श्रद्धा, विश्वास र प्रेम जगाउन उत्प्रेरित गर्दछ । सामाजिक मेलमिलाप, एकता, मानवीय मूल्यमान्यताको स्थापना र आध्यात्मिक विकासमा स्वर्गद्वारीको महत्त्वपूर्ण भूमिका रहेको छ ।


पर्यटकीय महत्त्व र सम्भावनालाई अध्ययन गर्दा धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाका दृष्टिले नेपाल समृद्ध मूलुकमा पर्दछ । नेपालको कला, संस्कृति, प्राकृतिक सुन्दरता एवं रमणीय स्थलहरू नै स्वदेशी तथा विदेशी पर्यटकहरूका आकर्षणका केन्द्र हुन् । बर्सेनि नेपाल भित्रिने पर्यटकहरूबाट नेपालको आर्थिक विकासमा थप सहयोग पुग्दै आएको छ । अमूल्य प्राकृतिक सम्पदासहित बहुपर्यटकीय सम्भावना बोकेको यस ऐतिहासिक तथा पर्यटकीय क्षेत्र स्वर्गद्वारीबाट मनोरम प्राकृतिक दृश्यावलोकन गर्न सकिन्छ । प्रात:कालीन सूर्योदय र सन्ध्याकालीन सूर्यास्तको समयमा उत्तरतर्फ देखिने मनमोहक हिमाली दृश्यले हरेक पर्यटकलाई आकर्षित र रोमाञ्चित बनाउँछ ।

स्वर्गद्वारी नामकरणका आधारहरूको अध्ययन गर्दा स्वर्गद्वारीको वास्तविक अर्थ स्वर्ग जाने ढोका (द्वार) भन्ने बुझिन्छ । 'स्वर्ग' र 'द्वार' यी दुई शब्द मिली 'स्वर्गद्वारी' नामकरण कहिले र कुन अभिप्रायले गरियो भनी यथार्थ जानकारी पाउन गाह्रो छ । महाभारतकालमा पञ्चपाण्डवहरू स्वर्गको कामना गरी १६ जना ऋषिहरू राखी यज्ञ सम्पन्न गरी सफलता प्राप्त गरेको हुँदा यस ठाउँको नाम स्वर्गद्वारी रहन गएको किम्बदन्ती छ (विभूति, २०७०) । हालको स्वर्गद्वारीबाट वैकुण्ठ धाम जाने ढोका रहेको हुनाले यस ठाउँको नाम स्वर्गद्वारी राखिएको हुनसक्छ भन्ने कुरा स्वर्गद्वारी आश्रमका वैदिक गुरु हरिहर रिजालको भनाइ पनि छ । मध्यकालमा दाङका राजा मर्हायन ठाकुर मुस्ताङ तीर्थ गर्न जाँदा स्वर्गद्वारीभन्दा तल प्राण त्याग गरेकाले त्यस ठाउँको तल धरमपानी र माथि स्वर्गद्वारी रहन गएको हुन सक्ने अनुमान रामप्रसाद मजगैयाँको छ । स्वर्गद्वारीमा प्राप्त ताम्रपत्र र शिलालेखमा पनि यस ठाउँलाई स्वर्गद्वारीकै नाम दिइएको

छ । यस नामको प्राचीनता फैल्याउन भने सकिएको छैन तापनि यसको ऐतिहासिकता पुरानै मानिएको छ (मजगैयाँ २०४५) ।

## आश्रमको सांगठनिक स्वरूप

स्वर्गद्वारी आश्रमको आर्थिक, भौतिक, प्रशासनिक, धार्मिक एव साँस्कृतिक पर्यटकीय सेवा सञ्चालनका लागि सबैको साझा प्रयास अपरिहार्य छ । व्यक्तिको योग्यता, क्षमता र दक्षताको आधारमा विशेष जिम्मेवारी सुम्पने पद्धतिका आधारमा संस्थाको सांगठनिक स्वरूप निर्माण गरिएको देखिन्छ । स्वर्गद्वारी आश्रमको सँगठनको संरचना यसप्रकार रहेको छ :




स्रोत : अर्न्तवार्ता, (२०६९) स्थलगत अध्ययन

माथिको तालिकाअनुसार आश्रमको मुख्य जिम्मेवारी महन्तको रहने हुँदा सम्पूर्ण क्षेत्रको नियन्त्रण, अनुगमन र निर्देशन गर्ने मुख्य निकायको रूपमा मठाधीश वा महन्त हुने व्यवस्था रहेको छ । दोस्रो श्रेणीमा साधु, सन्त, स्वामीहरू रहने र तेस्रो दर्जामा क्रमश:

वैदिक ब्राह्मण, लेखापाल र वैदिक गुरु रहने परम्परा भएको देखियो । जिम्मेवारी अन्तरगत वैदिक ब्राह्मणले पुजारीहरूको रेखदेख र सञ्चालन गर्छन् भने लेखापालले कर्मचारीको खटनपटन र नियन्त्रण गर्ने व्यवस्था रहेको छ । त्यसैगरी वैदिक गुरुको वैदिक शिक्षा व्यवस्थातर्फ जिम्मेवारी रहेको पाइयो । आश्रमको समग्र क्षेत्रको आर्थिक कारोवार र वार्षिक आयव्ययको प्रतिवेदन प्रस्तुत गर्नुपर्ने हुँदा लेखापालको विशेष स्थान रहने गरेको देखियो । त्यस्तै आश्रमका दैनिक कामकाजमा खट्ने कर्मचारी र कामदारको निगरानी र संचालनको मुख्य दायित्व पनि लेखापालको नै रहेको देखियो भने आश्रम संचालक समितिको सदस्यसचिवमा लेखापाल रहने व्यवस्था भएको पाइयो । सहायक लेखापालले लेखापालको काममा सहयोगीको भूमिका खेलेको देखिन्छ । घाँस, दाउरा, गाई, भैँसीको स्याहारसुसार कार्यका साथै खेतीपातीको काममा कामदारलाई खटाउने गरेको देखिन्छ ।

## आश्रम कार्य व्यवस्थापन समिति

स्वर्गद्वारी आश्रमको समग्र पक्षको व्यवस्थापकीय चाँजोपाँजो मिलाउनका लागि आश्रमको नीतिनियमअनुसार आश्रमका महन्तको अध्यक्षतामा विभिन्न क्षेत्रका पदेन सदस्यहरू सहितको ३३ सदस्यीय आश्रम कार्य व्यवस्थापन समिति गठन गर्ने प्रचलन रहेको पाइन्छ ।

## आयव्यय

आश्रमको मुख्य आम्दानीका स्रोतहरूमा चढौती (दान, दक्षिणा) जग्गाको आयस्ता र अक्षयकोषको ब्याज रहेको, आश्रमको प्रमुख व्यवस्थापकको रूपमा महाप्रभुका उत्तराधिकारी (महन्त) हुने व्यवस्था भएको, आर्थिक कारोबारको मुख्य जिम्मेवारीका निमित्त लेखापालको व्यवस्था गरिएको, उक्त आश्रमअन्तर्गत दैनिक रूपमा सञ्चालन गरिने विभिन्न कर्मकाण्ड तथा धार्मिक क्रियाकलाप र वैदिक शिक्षा पाठशाला सञ्चालनका लागि विभिन्न शीर्षकबाट आम्दानी र खर्च हुने गरेको देखिन्छ ।

| आम्दानीका स्रोतहरू | खर्चका शीर्षकहरू |
|---|---|
| चढौती (भेटी), जग्गाको आयस्ता, अक्षयकोषको ब्याज र क्यान्टिन, धर्मशाला, भोजनालयबाट प्राप्त रकम | तलब, बैठक भत्ता, दैनिक भ्रमण भत्ता, पोसाक, खाद्यान्न, औषधि उपचार, बिजुली, पानी, सञ्चार, दान, हवन तथा पूजा, निर्माण तथा ढुवानी, इन्धन, (सामान ढुवानी) |

स्रोत : स्थलगत अध्ययन २०६९

उक्त तालिका बमोजिम आश्रमको आम्दानीको रूपमा भक्तजनबाट प्राप्त दान (चढौती) सालाखाला मासिक ५० देखि ६० लाखसम्म उठने गरेको, अक्षयकोष (६,७ करोड) को ब्याजसहित सामान्य अवस्थामा रहेको, जग्गाको आयस्ता र भोजनालय तथा धर्मशालाको आम्दानी पनि आश्रमको आर्थिक स्रोतको आधार बनेको विषय आश्रमका लेखापालबाट सोधपुछका क्रममा जानकारी प्राप्त भएको थियो । त्यसैगरी उक्त रकम कुनकुन शीर्षकमा खर्च गर्ने व्यवस्था छ भनी राखिएको जिज्ञासामा यज्ञका २४ जना पुजारी ब्राह्मणहरूको सम्पूर्ण खर्च, महाप्रभुका शिष्य, प्रशिष्य, चेला, माताहरूका लागि लाग्ने खर्च, अतिथि तथा अभ्यागतहरूको स्वागत, खाना खर्च, वेदगुरुका लागि पारिश्रमिक र गुरु विद्यार्थीको भोजन, पोसाकसम्बन्धी खर्च, कर्मचारी तथा कामदारको ज्याला, उपचार, खाद्यान्न, पूजा सामग्री, विद्युत्, निर्माण तथा सञ्चार र ढुवानीलगायतका शीर्षकहरूमा खर्च हुँदै आएको देखिन्छ ।

## वैदिक शिक्षाको उद्देश्य

शिक्षाले मानिसलाई अनुशासित, विनम्र, संस्कृत वा सभ्य बनाउँछ र समाजका जुनसुकनै पक्षमा कार्यक्षेत्रमा आवश्यक काम, कर्तव्य पूर्ण गर्न सक्षम व्यक्तित्व युक्त सिप पोषणको व्यवस्था राज्यको अथवा शासकको वा सरकारको दायित्व हो भन्ने मान्यता वैदिक राज्यवस्थाको महत्त्वपूर्ण पक्ष हो । अत: वैदिक गुरुकुल शिक्षा प्रणालीका उद्देश्यलाई निम्न प्रकार खोट्याउने गरिन्छ । (पोखरेल, २०६७) ।

१. विनयाधान (नम्रता)

२. पात्रताप्रतिपादन (योग्यता)

३. स्वधर्म : स्वकर्म निष्ठा (कर्तव्यपालना)

४. संस्कार युक्त सभ्य व्यक्तित्व निर्माण

५. आत्मविश्वासी, स्वावलम्बी र आत्मनिष्ठ चरित्र विकास

यसैगरी वैदिक पाठशालामा वैदिक शिक्षाको उद्देश्य र पाठ्यक्रममा आधारित विभिन्न पाठ्य सामग्रीका माध्यमबाट शिक्षा प्रदान गर्दै आएको पाइयो ।

## पाठ्यक्रम कार्यान्वयन

परम्परागत रूपमा चल्दै आएका प्राचीन एवं मौलिक 'वैदिक' शिक्षा पद्धतिअनुसार यस वैदिक पाठशालामा पनि वैदिक शिक्षा पाठ्यक्रमलाई नै लागु गरी निरन्तरता दिँदै आएको पाइन्छ । वैदिक शिक्षाअन्तर्गतका कर्मकाण्डका विषय शिक्षणका अतिरिक्त आश्रममा अध्ययनरत विद्यार्थीहरूलाई औपचारिक शिक्षाका लागि जि.शि.का.को अनुमतिमा २०५७ देखि प्राथमिक तहको पाठ्यक्रमअनुसार अनिवार्य विषय शिक्षणको व्यवस्था रहेको पाइयो । वैदिक शिक्षाबाट विषयगत दक्षता र क्षमता विद्यार्थीहरूमा हुने भए पनि औपचारिक मान्यता नपाउनाले विद्यार्थीहरूको भविष्य सुनिश्चित गरिदिने उद्देश्यबाट कर्मकाण्ड शिक्षासँगै प्राथमिक शिक्षाको व्यवस्था गर्नुपरेको कुरा वैदिक प्राचार्यबाट प्रस्ट हुन आएको छ । वैदिक शिक्षाका विषयवस्तु र प्राथमिक पाठ्यक्रमका सबै विषयवस्तु शिक्षण गर्न समयाभाव र विद्यार्थीलाई धेरै बोझ पर्ने हुँदा वैदिक पाठ्यक्रमका सम्पूर्ण विषयवस्तु र प्राथमिक पाठ्यक्रमअन्तर्गतका अंग्रेजी, गणित र सामाजिक विषयको पठनपाठन गरिँदै आएको कुरा पाठशालाका प्रधानाध्यापकले बताएको पाइयो ।

स्वर्गद्वारी आश्रमस्थित वैदिक शिक्षा व्यवस्थापनअन्तर्गत पठनपाठन हुने विषयहरू निम्न तालिका बमोजिम रहेको पाइयो ।

| क्र.स | चरण | कर्मकाण्डका विषयहरू | अध्ययनको समयावधि | गर्न सक्ने कार्य | अध्ययन विधि |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक | सन्ध्योपासना विधि स्तुति सङ्ग्रह | करिब २ महिना | सन्धोपासना र स्तुति गर्न सक्ने | कण्ठाग्र, छलफल |
| २ | दोस्रो | रुद्री | करिब ४ महिना | रुद्री पाठ गर्न सक्ने | कण्ठाग्र, छलफल |
| ३ | तेस्रो | अग्नि स्थापना | करिब २ महिना | अग्निसम्बन्धी विधि पूरा गर्न सक्ने | छलफल, कण्ठाग्र |
| ४ | चौथो | चण्डी | करिब ६ महिना | देवीको आराधना र पूजा गर्न सक्ने | छलफल, कण्ठाग्र, प्रश्नोत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | पाँचौं | शुल्क यजुर्वेद | करिब ४ वर्ष | वेदव्याकरण सँगसँगै पढ्न धार्मिक संस्कार पूरा गर्न सक्षम हुने | छलफल, कण्ठाग्र, प्रश्नोत्तर |
| ६ | छैटौं | लघुकौमुदी व्याकरण | करिब ५ महिना | शुद्ध उच्चारण र भाषाको शुद्धता | छलफल, कण्ठाग्र, प्रश्नोत्तर |

*स्रोत : वैदिक गुरु स्वर्गद्वारी आश्रम (२०६९)*

## शिक्षण विधि

वैदिक शिक्षा गुरुकुलीय शिक्षा हो । यसमा शिष्यहरू आफ्ना गुरुहरूका सामीप्यमा बसी गुरुकै निर्देशनमा रही विभिन्न धार्मिक विषयहरू कण्ठाग्र गरी गुरुहरूलाई सुनाउने गर्छन् । हिन्दु कर्मकाण्ड पद्धतिसँग सम्बन्धित विभिन्न पुस्तकहरू वैदिक ग्रन्थहरू हाउभाउसहित शुद्ध उच्चारण गर्ने र गराउने प्रचलन रहेको छ । यसअनुसार पठनपाठनको विधि विविध विषयमा कण्ठस्थ, छलफल र प्रश्नोत्तरमा आधारित देखिन्छ । 'गरेर सिक' भन्ने विद्यार्थी केन्द्रित शिक्षण विधिमा विद्यार्थीहरूको पूर्ण सहभागिता रहन्छ । शिक्षार्थीले अध्ययन गरेका विषय र विधिका आधारमा हवन, पूजा, जप, तप, तर्पण, दानजस्ता कार्य गराउनुपर्ने हुँदा शिक्षण व्यावसायिक र पूर्णव्यावहारिक पक्षसँग सम्बन्धित रहेको पाइन्छ । मंसिर, पुस र माघ महिनामा स्वर्गद्वारी भूमिमा अत्यन्तै चिसो हुन्छ । यस अवधिमा दाङ देउखुरीको वनगाँउस्थित आश्रममा विद्यार्थीसहित तीन जना शिक्षकहरू अध्ययन अध्यापन कार्यका लागि  खटिएको पाइन्छ । आश्रममा काम गर्ने सबै कामदारका छोरा छोरीहरूलाई पठनपाठनका लागि आश्रम स्रोतबाटै एक बालविकास केन्द्र आश्रम नजिकै व्यवस्था गरिएको पनि छ ।

## मूल्याङ्कन प्रविधि

मूल्याङ्कन प्रणाली पूर्ण प्रयोगात्मक रहेको पाइयो । औपचारिक शिक्षाजस्तो प्रश्नपत्र निर्माण गरी आंशिक परीक्षा पद्धति नहुने, एक कर्मकाण्डको लागि पूरै शैक्षिक सत्र पर्खनु नपर्ने, बरु एक कर्मकाण्ड पद्धति सञ्चालन गर्न सक्ने भए लगत्तै अर्को कर्मकाण्ड पद्धतिमा प्रवेश गर्न पाइने व्यवस्था गरिएको छ । बटुकहरूको क्षमताका आधारमा स्तरोन्नति निर्धारण हुने हुँदा शिक्षणमा समय लचकता रहेको पाइन्छ । वैदिक शिक्षा अध्ययन प्रणालीमा कसैले चार महिनामा तीन वा चारवटा कर्मकाण्ड पद्धति पूरा गर्छन् भने विद्यार्थीहरूको क्षमताअनुसार कसैलाई त्यही एउटा चक्र पूरा गर्न चार महिना लाग्न

सक्ने पनि देखिन्छ । प्राथमिक कक्षाको विद्यार्थी मूल्याङ्कन भने जिल्ला परीक्षा समितिको निर्देशनअनुसार सञ्चालन हुँदै आएको पाइयो ।

## शिक्षक कर्मचारीसम्बन्धी व्यवस्था

आश्रम मातहतमा रहेको वैदिक पाठशालाका लागि आश्रम र शिक्षक बिचको दोहोरो सहमतिअनुसार आश्रम स्रोतबाटै तलब सुविधा पाउने गरी वैदिक शिक्षकको व्यवस्थापन आश्रमले गर्दै आएको पाइन्छ । हाल कार्यरत वैदिक गुरुहरू श्री शालिकराम रिजाल र मधुसूदन अर्याल सोही प्रक्रिया बमोजिम नियुक्त भएको पाइयो । राहत दरबन्दीमा कार्यरत दुई जना शिक्षक प्राचार्य श्री रामकृष्ण चालिसे तथा शिक्षक श्री छविलाल न्यौपाने र परिचर श्री तुल्सी केसीको तलबभत्ताको स्रोत शिक्षा कार्यालयबाट प्राप्त अनुदानबाट ब्यहोर्ने गरेको पाइयो । शिक्षकका लागि भोजन, आवास र पोसाकको पूर्णव्यवस्था र सामान्य स्वास्थ्योपचारको सेवा पनि आश्रम स्रोतबाटै मिलाउने गरेको देखियो ।

## शिक्षक विवरण

स्वर्गद्वारी पाठशालामा संस्कृतका शिक्षक (गुरु) हरूको महत्त्वपूर्ण भूमिका रहेको पाइयो । आश्रमको दैनिक धार्मिक क्रियाकलाप गर्न सक्ने योग्य ब्राह्मणहरू तयार गर्ने उद्देश्यका साथ स्थापना गरिएको वैदिक शिक्षा पाठशालामा सुरुदेखि नै विभिन्न ठाउँहरूबाट ब्राह्मण गुरुहरू झिकाई आश्रम स्रोतबाटै आवश्यक सुविधाको व्यवस्था गरी वैदिक शिक्षा प्रदान गर्ने परम्परा रहेको पाइन्छ । संस्कृत र वैदिक ज्ञानसँगै विभिन्न कर्महरू सञ्चालन गर्ने योग्य गुरुको व्यवस्थापन र विभिन्न धार्मिक ग्रन्थ एवं वेदाङ्ग शिक्षा दिने प्रयोजनमा वैदिक पाठशालाले आफ्नो परम्परागत पाठ्यक्रमका परिधिमा रही धार्मिक एवं वैदिक पाठ्यक्रममा आधारित शिक्षा सञ्चालनमा वैदिक गुरुहरूको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । नैतिक एवं चरित्रवान् नागरिकहरू तयार गरी सद्गुणी, सदाचारी र परोपकारी भावनाको विकास गराउनमा पनि गुरुहरूको भूमिका उल्लेख्य रहेको छ । गुरुहरूको सादा जीवन पद्धतिले विद्यार्थीहरूको चरित्र निर्माणमा ठुलो सहयोग पुऱ्याएको देखिन्छ ।

पाठशालामा सञ्चालन हुने वैदिक पाठ्यक्रम (गुरुकुल पाठ्यक्रम) अनुसारका विषय शिक्षणका लागि धार्मिक क्षेत्रसँग सक्षम विद्वान् गुरुहरूको व्यवस्थापन गएिको छ । योग्य गुरुहरूको व्यवस्थाका लागि आश्रमका महन्तको मुख्य भूमिका रहने गरेको छ । यसै सन्दर्भमा वर्तमान आश्रम प्रमुख स्वामी श्री भागवतानन्द गिरीले म्याग्दी घर भई

काठमाडौँमा अध्ययन गर्नुभएका संस्कृत साहित्याचार्य श्री शालिकराम रिजाललाई २०६२ सालदेखि पाठशालाको वैदिक शिक्षा व्यवस्थापन र सञ्चालनको प्रमुख जिम्मेवारी सुम्पेको पाइयो ।

वेद व्याकरणमा उत्तरमध्यमा पूरा गर्नु भएका वारा निवासी मधुसूदन अर्याललाई पनि २०६२ देखि नै वेदगुरुका रूपमा नियुक्ति गरेको पाइयो । २०५९ सालमा जिल्ला शिक्षा कार्यालय प्युठानले एक सिट राहत दरबन्दी प्रदान गरेबापत उक्त प्रावि दरबन्दीमा उत्तर मध्यमा पूरा गर्नुभएका हाल दाङ निवासी श्री रामकृष्ण चालिसेलाई पाठशाला व्यवस्थापन समितिले शिक्षक पदमा नियुक्ति गरी रुद्री, चण्डी र वेदविषय शिक्षणसँगै प्राचार्यको जिम्मेवारी सुम्पेको पाइयो । राहत दरबन्दीमा नियुक्त शिक्षकले वैदिक गुरुकुल पाठ्यक्रमअनुसार पठनपाठन गर्ने व्यवस्थाले आश्रमको व्यभारमा केही राहत पुगेको देखिन्छ । शिक्षाशास्त्रमा आई.एड. पूरा गरेका प्युठान पुँजा निवासी छविलाल न्यौपानेले प्रावि राहत दरबन्दीमा २०६७ देखि नियुक्ति लिई औपचारिक शिक्षा अन्तरगतको प्राथमिक पाठ्यक्रममा आधारित प्रावि तहका कक्षामा अंग्रेजी, गणित र सामाजिक विषय शिक्षण गर्दै आउनुभएको छ भने पाठशाला सहायक (परिचर) दरबन्दीमा प्युठान खाल निवासी १० कक्षा उत्तीर्ण तुल्सी केसी विगत ५ वर्षदेखि सेवा गर्दै आएको पाइयो । औपचारिक शिक्षा सञ्चालन गर्नका लागि जि.शि.का प्युठानका सहयोगले आश्रममा शिक्षा लिने सबै विद्यार्थीलाई औपचारिक शिक्षाको सुअवसर उपलब्ध गराएको पाइयो । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले व्यवस्थापनमा योग्य व्यक्तिको छनोट र जिम्मेवारीबाट मात्र गुणस्तरीय शिक्षा उत्पादन हुन्छ भन्ने विश्वास राखेको छ । यस वैदिक शिक्षा व्यवस्थापनको अध्ययनबाट पूर्वीय सिद्धान्तलाई संरक्षण गर्न खोजिएको देखिन्छ ।

## विद्यार्थी (बटुक) विवरण

स्वर्गद्वारी आश्रममा सञ्चालनमा रहेको वैदिक पाठशालामा अध्ययनरत विद्यार्थी विवरणअनुसार २०६५ सालमा ८० जना, २०६६ सालमा ६५ जना २०६७ सालमा ८७ जना र २०६८ मा ७५ जना देखिन्छन् भने २०६९ मा ८० जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ ।

उक्त तथ्याङ्कलाई आधार मानी विद्यार्थी संख्या विश्लेषण गर्दा २०६५ मा ८० विद्यार्थीले अध्ययन गरेको देखिन्छ भने २०६६ मा अघिल्लो वर्षको तुलनामा १५ जना विद्यार्थी घट्न गई ६५ मा समिति रहेको पाइयो । २०६५ को वर्षभन्दा २०६६ को वर्षमा १८.७५

प्रतिशत विद्यार्थी घटेको देखिन्छ । त्यसैगरी २०६७ को वर्षमा २०६६ को तुलनामा २५.२८ प्रतिशत (२२ जना) विद्यार्थी थप हुन गई ८७ जना विद्यार्थी पुगेको तथ्याङ्कले देखाउँछ । त्यस्तै २०६८ सालको विद्यार्थी संख्याको तुलनामा १२ जना विद्यार्थी अर्थात १३.८० प्रतिशत संख्या घटी ७५ जनामा भर्ना भएको पाइयो भने चालु वर्ष २०६९ मा गत वर्षको तुलनामा ६.६६ प्रतिशतले ५ जना थप हुन भई ८० जना विद्यार्थी भर्ना भएको तथ्याङ्कले देखाएको छ । त्यस्तै प्राथमिक शिक्षामा कक्षा १ मा पन्ध्र जना, कक्षा २ मा १७ जना, कक्षा ३ मा १५ जना र ४ मा पनि १५ जना गरी जम्मा ६२ जना रहेका छन् भने बाँकी विद्यार्थीहरू बाल मा.वि. खाल कक्षा ६ मा पढ्न जाने व्यवस्था मिलाइएको देखिन्छ ।

## विद्यार्थी छनोट प्रक्रिया

वैदिक पाठशालामा पहिलेका वर्षहरूमा जेजस्तो प्रक्रियाबाट विद्यार्थीहरू भर्ना गर्ने परम्परा रहे पनि पछिल्ला तीन, चार वर्षदेखि प्र.अ.को संयोजकत्वमा तीन सदस्यीय विद्यार्थी छनोट समिति गठन गरी सोही समितिले विद्यार्थीको प्रवेश व्यवहारको अध्ययन गर्ने र व्यावहारिक परीक्षण पश्चात् योग्य बिप्रबटुकहरूका लागि मात्र वैदिक विद्यारम्भ गराउने संस्कारको विकास गरेको पाइयो । छनोट प्रक्रियाबाट योग्य विद्यार्थीहरूलाई मात्र वैदिक शिक्षा अध्ययन गर्न पाउने व्यवस्था रहेको छ भने ती छनोट भएका विद्यार्थीहरूका लागि पठनपाठन, आवास, भोजन, पोसाकलगायत स्वास्थ्य उपचारको सुविधा पनि आश्रमबाट उपलब्ध गराउँदै आएको देखिन्छ । व्यक्तिको शारीरिक आवश्यकतासमेत सम्बोधन गरिएको हुँदा वैदिक शिक्षामा मास्लोको मानव आवश्यकता सिद्धान्तलाई अङ्गीकार गर्दै आएको देखिन्छ । गुणस्तरीय जनशक्ति उत्पादनतर्फ शैक्षिक योजना केन्द्रित रहेको पाइन्छ ।

## विद्यार्थी आचारसंहिता

वैदिक शिक्षा प्रणालीबाट सञ्चालित शिक्षण कार्य पूर्ण रूपमा हिन्दु दर्शनमा आधारित रहेको र आफ्नो अमूल्य जीवनलाई परम्परागत एवं सामाजिक मूल्यमान्यताको परिपूरकका रूपमा स्वीकारी आश्रमबाट प्रदत्त कर्मकाण्डीय शिक्षण विधिलाई जीवनको आधारस्तम्भको परिपूरक ठान्ने बिप्रवालकहरू नै आश्रम शिक्षाका मुख्य पात्रहरू हुन् । एक्काइसौ शताब्दीको विज्ञान र प्रविधिको चुनौतीपूर्ण अवस्थामा वैदिक कर्मकाण्ड पद्धति र पुरोहित पेसालाई जीवनको उज्ज्वल आधार मान्ने वालकहरू कडा अनुशासनको

सामना गर्दै शिक्षण कार्यमा संलग्न छन् । वैदिक गुरुका साथमा बसी पूर्वीय दर्शनको संरक्षण संबर्द्धनमा समर्पित बटुकहरूको आचारसंहिताको पालनाका साथै दैनिक नित्यकर्ममा ध्यान दिन्छन् ।

वैदिक शिक्षामा विद्यार्थीले पालना गर्नुपर्ने नियमहरूमा दिनचर्या, खानपान, भेषभूषा, आचार व्यवहारहरूलाई सूत्रबद्ध गरिएको छ । त्यस्तै जुवा, तास, मदिरा सेवन, स्त्री सामीप्य, रिस, गाली आदि पनि निषेध गरिएका छन् । वैदिक शिक्षाको प्राचीन मान्यता र नीति नियमअनुसार उपनयन संस्कार पूरा गरी गुरुहरूकै सम्पर्कमा रही ब्राह्मचर्य जीवनको पालना गरी उच्च चरित्र निर्माणसँगै आश्रममा अध्ययन गर्ने ब्राह्मण विद्यार्थीहरू वैदिक शिक्षा अध्ययनमा लागेको पाइन्छ । जबसम्म विद्यार्थीहरू अनुशासित, लगनशील, चरित्रवान्, नैतिकवान् बन्दैनन् तबसम्म शिक्षण सिकाइ कार्यले अपेक्षित गति लिन सक्दैन । अनुशासन विद्यार्थीको गहना हो । विद्यार्थी अनुशासन जस्तै शिक्षक अनुशासन पनि अत्यावश्यक कुरा हो । यस पाठशालामा शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई कडा अनुशासनको अभ्यास सँगै पठनपाठन गर्नुपर्ने अवस्थाले माथि उल्लिखित गुण तथा चरित्र निर्माणमा विशेष ध्यान दिएको हुँदा वैदिक शिक्षा नै चरित्र निर्माणको उत्तम आधार रहेको पाइयो ।

आश्रममा दिइने शिक्षाले वैदिक गुरुकुलीय शिक्षा पद्धतिको परम्परालाई कायम राख्दै धार्मिक एवं सांस्कृतिक वैभव र वैशिष्ट्यहरूको संरक्षणमा सहयोग पुऱ्याएको देखिन्छ । यस वैदिक पाठशालामा अध्ययनरत विद्यार्थीको अनुशासन तथा चालचलन पनि प्राचीन गुरुकुल शिक्षा पद्धतिअनुसार वा वैदिक हिन्दु दर्शनमा आधारित रहको पाइन्छ ।

## पुस्तकालय व्यवस्थापन

स्वर्गद्वारी आश्रमको स्थापनासँगै आश्रममा विविध कर्मकाण्ड र वैदिक ज्ञाताहरू उत्पादन गर्ने र ती कर्मकाण्ड पूरा गर्नका लागि आवश्यक ग्रन्थहरू र सन्दर्भ सामग्रीहरूको सङ्ग्रह गरी अध्ययन कार्यलाई सार्थक र यज्ञका लागि आवश्यक पर्ने विभिन्न धार्मिक ग्रन्थहरू सङ्ग्रह गर्ने उद्देश्यका साथ वि.सं. १९५२ देखि नै “बालहंस ग्रन्थालय” को स्थापना गरेको पाइयो । १९६८ सालमा स्वर्गद्वारी प्रभुका आशीर्वादबाट विद्वान् पं.लक्ष्मीनिधि पौडेलद्वारा हस्तलिखित स्वर्गद्वारी महात्म्य अमूल्य निधिको रूपमा रहेको पाइयो । यस ग्रन्थालयमा वेद, श्रीमद्भागवत्, गीता, निर्णय सिन्धु, पुराण, व्याकरण, शब्दकोश, कर्मकाण्डलगायत अन्य बहुमूल्य पूर्वीय दर्शनसहित दुई हजारभन्दा बढी

पुस्तकहरू सङ्ग्रह गरिएका छन् । यसबाट विद्यार्थीहरूलाई विभिन्न विषयगत ज्ञान हासिल गरी आफ्नो आवश्यकता परिपूर्ति गर्न सक्ने हुँदा यसले पूर्वीय दर्शनको भावनालाई अङ्गीकार गरेको देखिन्छ ।

## शैक्षिक सुपरिवेक्षण र अनुगमन

पाठशालाको शैक्षिक व्यवस्थापन, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परामर्शको मुख्य दायित्व आश्रम प्रमुखमा रहेको देखिन्छ । अन्य सम्बन्धित शैक्षिक निकायका शिक्षक, कर्मचारहीरूको समेत सामान्य सुपरिवेक्षण तथा अनुगमन हुँदै आएको पाइन्छ । स्रोत केन्द्रमा सञ्चालन हुने मासिक प्र.अ बैठकमा वैदिक पाठशालाको नियमित प्रतिनिधित्व रहेको पाइयो । स्रोतव्यक्ति विविध शैक्षिक तथ्याङ्क र सूचना सङ्कलन कार्यका लागि उपस्थित हुने गरेको पाइयो । विद्यालय निरीक्षक तथा जिशिअहरूले स्वर्गद्वारी आश्रमको पर्यटकीय तथा धार्मिक दृष्टिकोणबाट अध्ययन अवलोकनको क्रममा पाठशाला प्रवेश गरी आवश्यक सहयोग तथा सल्लाह र परामर्श सेवा दिँदै आएको सूचना पनि प्राप्त भयो ।

## पाठशाला व्यवस्थापन समिति

पाठशाला तथा वैदिक शिक्षाको व्यवस्थापन तथा चाँजोपाँजो मिलाउनका निम्ती विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरेको पाइयो । आश्रम प्रमुख नै अध्यक्ष र अन्य कर्मचारी, समाजसेवी तथा शिक्षक सदस्य रहने गरी गठित उक्त समितिको कामकाज जेजस्तो उल्लेख गरिएको भए पनि आश्रम मातहतमा सञ्चालित पाठशाला व्यवस्थापनसम्बन्धी मुख्य भूमिका आश्रमकै रहेको देखियो ।

## वैदिक शिक्षा र अन्य पक्षसँगको सम्बन्ध

आश्रमको वैदिक शिक्षा व्यवस्थाबारे अध्ययन अनुसन्धानको क्रममा मानवजीवनका विभिन्न पक्षहरूसँग यसको सम्बन्ध यसप्रकार रहेको पाइन्छ ।

### धार्मिक

हिन्दु नेपाली परम्पराअनुसार मानिसको जन्मदेखि मृत्युसम्म सञ्चालन गरिने विभिन्न धार्मिक क्रियाकलाप (कर्मकाण्ड) हरू सञ्चालन गर्न सक्ने सक्षम जनशक्तिको आवश्यकता पर्ने वैदिक शिक्षा व्यवस्थाबाट मात्र त्यस्तो जनशक्ति उत्पादन हुँदै आएको पाइन्छ । स्वर्गद्वारी आश्रममा दैनिक सञ्चालन गरिने हवन, पूजाआजा, रुद्री,

चण्डीलगायतका सम्पूर्ण वैदिक क्रियाकलापका लागि आश्रमस्थित उक्त पाठशालाबाट उत्पादन हुने योग्य ब्राह्मणहरूद्वारा गर्दै आएको पाइयो । यसका अतिरिक्त विभिन्न धार्मिक दर्शन र ग्रन्थहरूको मन्त्रोच्चारण गर्न र विभिन्न क्रियाकलाप सञ्चालनका दृष्टिकोणले योग्य आवश्यक ब्राह्मण, पण्डित, र वैदिक स्रष्टाहरूबाट हिन्दु धार्मिक प्रचलनको संरक्षणमा ठुलो सहयोग पुऱ्याउँदै आएको छ ।

## सामाजिक

सामाजिक विकासका लागि कर्तव्यपरायण, नम्र, सभ्य, आत्मविश्वासी, परोपकारी, नैतिक एवं चरित्रवान्, मानवीय सद्‌गुण सम्पन्न नागरिक उत्पादनमा वैदिक शिक्षाले मुख्य भूमिका खेलेको पाइन्छ । विभिन्न सामाजिक प्रचलनहरूको संरक्षण र संबर्द्धनमा पनि वैदिक शिक्षाले त्यतिकै सहयोग पुऱ्याएको पाइन्छ । समाजको आवश्यक कामकर्तव्यप्रति निष्ठावान् नागरिक तयार गर्न वैदिक शिक्षा नै मुख्य साधन हो भन्ने मान्यता रहेको छ । व्यक्तिको सामाजिक प्रतिष्ठा उच्च राख्नमा पनि वैदिक शिक्षाले राम्रो भूमिका खेलेको देखिन्छ ।

## आर्थिक

हिन्दु धार्मिक तथा सामाजिक प्रचलन र जीवन पद्धतिसँग सम्बन्धित विविध सस्कारहरू सञ्चालन गर्न सक्ने पुरोहित दक्षता र क्षमतायुक्त ब्राह्मणहरू उत्पादन गर्ने वैदिक शिक्षा पाठशालाको देन भएको हुँदा व्यावसायिक दृष्टिकोणले आर्थिक आम्दानी र उन्नतिमा टेवा दिन सक्ने विश्वास रहेको पाइन्छ । आश्रममा सञ्चालन गरिने धार्मिक कर्मकाण्डसम्बन्धी कार्यबाट व्यक्तिको आर्थिक पक्षमा सहयोग पुऱ्याएको छ । व्यावसायिक रूपमा पुरोहित कार्यले पनि आर्थिक विकासमा टेवा दिन सक्ने बलियो सम्भावना रहेको छ । त्यसैले यसलाई व्यावसायिक र व्यावहारिक शिक्षाको रूपमा स्वीकार गरेको पाइन्छ ।

## शैक्षिक

समाजमा विद्यमान धार्मिक संस्कारहरू सञ्चालन गर्ने योग्य दक्ष र व्यावसायिक सिपको विकास गर्न वैदिक शिक्षा पूर्णरूपले सक्षम रहेको छ भने वैदिक शिक्षाअन्तर्गत उच्च शिक्षा अध्ययनका विषयहरू जस्तै : वेदाङ्ग (शिक्षा, व्याकरण, ज्योतिष, कल्प, छन्द र निरुक्त) चार उपवेद (आयुर्वेद, धनुर्वेद, गान्धर्व वेद र स्थापत्य एवं अर्थशास्त्र) तथा चार

उपाङ्गहरू (धर्मशास्त्र, मीमांसा, न्याय, पुराणेतिहास )सहितका विविध विषय अध्ययनका लागि उपयुक्त मार्ग प्रशस्त गर्दछ (गुरुकुल सन्देश, २०६७ पृ.५) भने पूर्वीय दर्शनसम्बन्धी उच्च शिक्षा अध्ययन कार्यलाई अघि बढाउन यस वैदिक शिक्षालाई नै मुख्य आधार मानिएको पाइन्छ ।

## वैदिक शिक्षासँग सम्बन्धित समस्या

यस अध्ययन अनुसन्धानको क्रममा वैदिक शिक्षा व्यवस्थापनमा केकस्ता समस्याहरू रहेका छन् भनी गरिएको सर्वेक्षणमा मठाधीश, सन्त, लेखापाल, पुजारी शिक्षकहरू र विद्यार्थीहरूबाट प्राप्त मतका आधारहरूमा शैक्षिक समस्याहरूलाई यसप्रकार सङ्कलन गरिएको छ ।

### पाठ्यक्रम तथा पाठ्यविषय

वैदिक शिक्षा पाठ्यक्रमका विषयवस्तुहरूबाट मात्र आफ्ना आधारभूत आवश्यकता पूरा नहुने विचार विद्यार्थीहरूले राखेका छन् ।

### प्रमाणपत्र

आवश्यक सिप र दक्षता प्राप्त भए पनि योग्यता बमोजिमको प्रमाणपत्रका अभावले शैक्षिक तथा रोजगारीका लागि समस्या आउने गरेको विद्यार्थीहरूको धारणा रहेको छ ।

### शिक्षक व्यवस्थापन

विषयगत योग्य शिक्षकहरूको व्यवस्थापनमा समस्या रहेको आश्रमका मठाधीश र लेखापालको अनुभवबाट प्रस्ट हुन आएको छ ।

### आर्थिक

आश्रमको आर्थिक अवस्थाले शिक्षा व्यवस्थापनमा पनि केही समस्या परेको सहभागीहरूको भनाइ छ ।

## समस्या समाधानका उपायहरू

अध्ययनको क्रममा उपस्थित सहभागी सम्पूर्ण जनसंख्याबाट र वैदिक शिक्षा आश्रमसम्बन्धी समस्या समाधानका उत्तम उपायहरूको खोजी गर्दा निम्नबमोजिमका उपाय समाधानका निम्ति उपयुक्त आधार बनेको देखिन्छ ।

## बैद्धिक शिक्षा व्यवस्थापन

सम्पूर्ण सहभागीहरूसँग वैदिक शिक्षा केन्द्रित समस्या समाधानका निम्ति उत्तम उपायहरू खोजी गर्ने तथा पत्ता लगाउने क्रममा प्राप्त उपायहरूलाई यसप्रकार अध्ययनमा समावेश गरिएको छ ।

## पाठ्यक्रम तथा पाठ्यविषय

वैदिक शिक्षाको महत्त्व उद्देश्यलाई कामय राख्दै अन्य आधुनिक विषय शिक्षणको आवश्यकता देखिन्छ । ती आवश्यकता वर्तमान पाठ्यक्रमले माग पूरा गर्न नसक्ने हुँदा पाठयक्रमलाई समसामयिक गरिनुपर्छ । वैदिक पाठ्यक्रमका विषयहरूलाई कायम राख्दै समसामयिक विषयहरूलाई ऐच्छिक विषयमा राखी पठनपाठनको व्यवस्था गर्न सकेमा वैदिक शिक्षा व्यक्तिको छनोटमा पर्ने कुरा विद्यार्थी, शिक्षकहरूले राखेका छन् । आधुनिक सूचना र सञ्चार प्रविधि व्यक्तिको प्राय: अनिवार्य आवश्यकता जस्तै भएको हुँदा वैदिक शिक्षा व्यवस्थापनमा यसतर्फ गम्भीर ध्यान पुऱ्याउन सकेमा समस्या समाधानमा सहज हुन सक्ने उत्तरदाताको मत रहेको पाइयो ।

## प्रमाणपत्र

योग्यता, दक्षता र क्षमता भएको प्रमाणिक आधार प्रमाणपत्र हुने हुँदा विद्यार्थीहरूलाई प्रमाणपत्र दिने व्यवस्था गरिनु आवश्यक छ । धार्मिक क्रियाकलापहरू सञ्चालन गर्न र त्यससम्बन्धी अन्य शैक्षिक कार्यमा प्रवेश पाउन मध्यमा तहको पढाइ गर्ने व्यवस्था तत्कालदेखि नै गर्दा, ऐच्छिक विषयको व्यवस्थासमेत गरिएमा आश्रमको उपलब्ध सुविधाबाटै विद्यार्थीमा गुणात्मक र मात्रात्मक सुधारको सम्भावना देखिन्छ र यसैबाट हाम्रो हिन्दु दर्शनमा आधारित वैदिक शिक्षाको संरक्षण र विकासको उत्तम उपाय हुन सक्छ भन्ने महत्त्वपूर्ण सुझाव रहेको पाइयो ।

## शिक्षक व्यवस्थापन

विद्यमान अवस्थामा सामना गर्नुपरेको शिक्षक व्यवस्थापनसम्बन्धी दीर्घकालीन समाधानका उपायहरूमा सन्त, महन्त र पुजारी तथा शिक्षकहरूको सुझाव यस्तो रहेको पाइयो ।

१. स्वर्गद्वारी स्थित यस वैदिक पाठशालामै वैदिक शिक्षा एवं वेदाङ्गहरूको अध्ययन अनुसन्धान केन्द्र स्थापनाको योजनालाई विशेष तयारी साथ लागु गर्नुपर्ने ।

२. तत्काल त्यो सम्भावना नरहे कम्तीमा उत्तरमध्यमासम्मको अध्ययन व्यवस्था मिलाउनु पर्ने ।

३. शिक्षकहरूलाई उपयुक्त सेवा-सर्त सुविधा उपलब्ध गराउनु पर्ने ।

४. शिक्षकको नेतृत्व र क्षमता विकास का लागि तालिमको व्यवस्था गरिनुपर्ने ।

५. विषय शिक्षकको व्यवस्थातर्फ व्यवस्थापन समितिको ध्यान जानुपर्ने ।

६. शिक्षक व्यवस्थापनसम्बन्धी मुख्य समस्याको समाधान भएमा शैक्षिक गुणस्तरमा सुधार हुने र विद्यार्थी संख्या पनि थपिने ।

## विद्यार्थी व्यवस्थापन

वैदिक पाठशालामा विद्यार्थीहरू थोरै देखिए पनि विद्यार्थी लक्षित शैक्षिक कार्यक्रम औपचारिक विषयसँगै प्रमाणपत्र र कम्प्युटर तालिम वा मध्यमा/उत्तरमध्यमासम्मको विद्यालय शिक्षा नै समाधानको उपाय हुन सक्ने सुझाव उत्तरदाताबाट आएको पाइन्छ ।

## निष्कर्ष

नेपालको प्रसिद्ध धार्मिक स्थलका रूपमा परिचित ऐतिहासिक स्वर्गद्वारी आश्रमको स्थापना स्वामी हंसानन्द गिरीद्वारा वि.स. १९५२ मा भएको पाइन्छ । उक्त आश्रममा सोही समयदेखि वैदिक अखण्ड महायज्ञको थालनी गरी धार्मिक कार्यहरू सञ्चालन गर्नाका साथै कर्मकाण्ड वेद, वेदाङ्गसम्बन्धी शिक्षा प्रदान गर्न वैदिक पाठशालाको समेत स्थापना गरी प्राचीन वैदिक शिक्षा प्रदान गर्दै आएको पाइन्छ । आश्रमको अखण्ड वैदिक यज्ञका लागि आवश्यक जनशक्ति उत्पादन र वैदिक शिक्षण परम्परालाई बचाइ राख्ने उद्देश्यले आश्रममा स्थापित वैदिक पाठशालामा ब्रह्मचर्य जीवनको कडा अनुशासनमा रही गुरुहरूकै नियन्त्रण र निर्देशनमा बटुकहरूलाई विभिन्न वैदिक तथा धार्मिक ग्रन्थहरू अध्ययन अध्यापन गराउँदै आएको देखिन्छ ।

वैदिक शिक्षाको संरक्षणमा आश्रम शिक्षाले महत्त्वपूर्ण निर्वाह गरेको पाइन्छ । वैदिक शिक्षा व्यवस्थापनमा धेरै समस्या एवं चुनौतीहरू देखिएका छन् । समाधानका लागि नेपाल सरकार, शिक्षा मन्त्रालय र अन्य सम्बन्धित निकायहरूको आवश्यक ध्यान जानुपर्ने देखिन्छ । उपलब्ध स्रोतसाधनहरूको पहिचान गरी उचित ढंगले व्यवस्थापन गर्न सकेमा स्वर्गद्वारी राष्ट्रकै महत्त्वपूर्ण ऐतिहासिक भौगोलिक, धार्मिक, पर्यटकीय एवम् पूर्विय दर्शनको मूल स्रोतका रूपमा रहेको वेद, वेदाङ्ग, दर्शन र साहित्यको अध्ययन अनुसन्धानको केन्द्र बन्न सक्ने देखिन्छ ।

## सन्दर्भसूची


अर्याल, मधु (२०६९) *बाल तपस्वी गुरुकुलम्, विभूति :* अंक १, प्युठान, स्वर्गद्वारी आश्रम ।

उपाध्याय, गोविन्द शर्मा (२०६२), *अव्यावहारिक हिन्दु दर्शन,* काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

घिमिरे, शिवप्रसाद (२०६९), *विविध स्मार्तयज्ञहरूको परिचय, विभूति :* प्युठान, स्वर्गद्वारी आश्रम ।

धुव्रश्री (२०६९), *पुण्यभूमि स्वर्गद्वारी पाशुपत क्षेत्र भागवत् सन्यास आश्रम,* प्युठान : स्वर्गद्वारी आश्रम ।

नेपाल सरकार शिक्षा विभाग (२०६७), *गुरुकुल सन्देश,* भक्तपुर : गुरुकुल आश्रम व्यवस्थापन परिषद् ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०५९), *शिक्षा नियमावली,* काठमाण्डौ : मधुवन प्रकाशन ।

पोखरेल, ऋषिराम (२०६७) *पौरस्त्य शिक्षा पद्धति, सिकाइका सिद्धान्त र मूल्याङ्कन विधि,* भक्तपुर : गुरुकुल आश्रम व्यवस्थापन परिषद्, शिक्षा विभाग ।

पौडेल, जीवन शर्मा २०६७) *मेरो सन्तानको उज्ज्वल भविष्यको सपना,* भक्तपुर : गुरुकुल आश्रम व्यवस्थापन परिषद्, शिक्षा विभाग ।

मजगैया, रामप्रसाद (२०४५), *स्वर्गद्वारी महाप्रभु चरित्र,* भारत : वाराणसी ।

मसाल, के.बी. (२०५४), *बाल तपस्वी महाप्रभु,* दाङ : स्वर्गद्वारी छापाखाना प्रा.लि. ।

शर्मा, वीणाराम (सन् १९७०), यज्ञागिक सम्राट्को परिचय, भारत : वाराणसी : चौखम्बागढ, पब्लिसर्स ।